**JMC Research Journal**
**Vol.14, No. 1**
**DOI: https://doi.org/10.3126/jmcrj.v14i1.92847**

# 'मेरी सानी भतिजी प्रतिमा' कथामा लैङ्गिक शक्तिसम्बन्ध

**डा.नरेन्द्रप्रसाद कोइराला**
जनमैत्री क्याम्पस, बागमती प्रदेश विश्वविद्यालय, नेपाल
koiralanarendraprasad@gmail.com

## लेखसार

*प्रस्तुत अध्ययन 'मेरी सानी भतिजी' कथामा रहेका पात्रहरूको बिचमा विद्यमान लैङ्गिक शक्तिसम्बन्धमा केन्द्रित छ । शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनअन्तरगतको विशिष्ट प्रकारको विश्लेषण पद्धति हो । पाठमा लैङ्गिक दृष्टिले पात्रहरूको के कस्तो उपस्थिति रहेको छ र तिनको जीवनमा शक्तिको प्रयोगले के कस्तो प्रभाव पारेको छ भन्ने कुराको अध्ययन लैङ्गिक शक्तिसम्बन्धमा गरिन्छ । पाठमा प्रयोग भएका पात्रहरूका बिचमा देखिने पितृसत्ताको अवस्था, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद अनि लैङ्गिक दमन, शोषण र उत्पीडनको अध्ययनबाट लैङ्गिक शक्तिसम्बन्धको निष्कर्षमा पुग्न सकिन्छ । प्रस्तुत लेखमा रमेश विकलद्वारा लिखित 'मेरी सानी भतिजी प्रतिमा' कथामा प्रभुत्वशाली केन्द्रीय संस्कृतिको पुरुष सत्ताले जीवनका सबै क्षेत्रमा आफ्नो एकलौटी वर्चस्व कायम गरी परिधिमा रहेको नारी समुदायमाथि सधैं दमन र शोषण गरेर अमानवीय कार्य गर्छ भन्ने निष्कर्ष निकालिएको छ । यस लेखमा सामन्तवादी विमर्शात्मि संरचनाका कारण दमनकारी पितृसत्ताको अवस्था देखिन्छ भने लैङ्गिक सम्बन्धको विश्लेषण गर्दा शत्रुतापूर्ण अवस्था पाइएको छ । पितृसत्ताको स्थापित र प्रसारित ज्ञानको साँचोमा प्रतिबन्धित भएका नारी पात्रद्वारा नै नारीमाथि चरम विभेद, दमन र शोषण भएको छ । नारी पात्रमा लैङ्गिक चेतनाको उदय हुन नसकेकै कारण नारी पुरुषसत्ताको संरक्षक, पृष्ठपोषक तथा प्रसारक बन्दा नारी पात्र नै चरम अन्यायमा पर्नुपरेको छ । यी विविध पक्षहरूको अध्ययन तथा विश्लेषणका लागि मुख्य रूपमा ग्राम्सीको प्रभुत्व सम्बन्धी चिन्तन र फुकोको ज्ञान, शक्ति र सत्य सम्बन्धी अवधारणा अनि सहायक रूपमा अन्य लेखकहरूका विचारको सहयोग लिइएको छ । यस प्रकारको अत्यन्त कारुणिक परिणतिको कारण तत्कालीन पञ्चायती व्यवस्थाका सापेक्षतामा निर्मित र विकसित सामन्तवादी विमर्शात्मक संरचनाको शक्ति भएको देखिन्छ । यसकै कारण भएको लैङ् गिक दृष्टिले असन्तुलित शक्तिसम्बन्ध हो भन्ने अन्तिम निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी** : शक्तिसम्बन्ध, विमर्शात्मक संरचना, प्रभुत्व, पितृसत्ता, लैङ्गिकता

## विषय परिचय

रमेश विकल (वि.स. १९८५–२०६७) आधुनिक नेपाली कथाका क्षेत्रमा सामाजिक यथार्थवाद, मनोवैज्ञानिक यर्थाथवादी र प्रगतिवादी धाराहरूमा कलम चलाउने वरिष्ठ कथाकारका रूपमा परिचित श्रष्टा हुन् । उनका **बिरानो देशमा** (२०१६) , **नयाँ सडकको गीत** ( २०१९) , **आज फेरि अर्को तन्ना फेरिन्छ** (२०२४),**एउटा बुढो भ्वाइलेन आशावरीको धुनमा** (२०२५) **उर्मिला भाउजू** (२०३५) ,**शव शालिक र सहस्र बुध्द** (२०४३) र **हराएका कथाहरु** (२०५५) गरी जम्मा ७ ओटा कथासंग्रहहरू प्रकाशित भएका छन् । 'मेरी सानी भतिजी प्रतिमा' वि.सं.२०२५ सालमा प्रकाशित **एउटा बुढो भ्वाइलेन आशावरीको धुनमा** कथासंग्रहमा सङ् कलित सामाजिक यर्थाथवादी धाराको कथा हो । कथाकार विकलले यस कथामा तत्कालीन नेपाली समाजको लैङ्गिक शक्तिसम्बन्धलाई प्रभावकारी चित्रण गरेका छन् । पितृसत्ताका सापेक्षतामा निर्मित विमर्शात्मक संरचनाभित्र विलय भएकी आमाले आफ्नै छोरीप्रति गरेको विभेद दमन र शोषणलाई यस कथामा निक्कै मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । यही मार्मिकताका कारणले नै यो कथा पाठ्यक्रममा समेटिनुका साथै

आधुनिक नेपाली कथाका पाठकहरू माझ निक्कै चर्चित पनि छ। यसो हुनुमा यस कथाका पात्रहरूका बिचको लैङ्गिक शक्तिसम्बन्धको प्रभावकारी चित्रणले उल्लेखनीय भूमिका निर्वाह गरेको छ। परिवार, समाज, संस्कृति तथा विमर्शात्मक संरचनाभित्र रहेको ज्ञान, शक्ति, सत्य, प्रभुत्व, अधिकार आदि र त्यसभित्रको मानव जीवनको गठजोडको समष्ठिगत स्वरूपबाट नै शक्तिसम्बन्ध अभिव्यक्त हुन्छ। लेखन प्रकाशनको समयावधिका दृष्टिले ६२ वर्ष पुरानो यस कथाको सिर्जनाको कालभन्दा आजको नेपाली समाज अनेक ढंगले भिन्न भइसकेको हुनाले समाजका विशेषताहरूमा पनि धेरै परिवर्तनहरू आइसकेका छन्। यसो हुँदा हुँदै पनि यस कथामा प्रयुक्त तत्कालीन नेपाली समाजको लैङ्गिक शक्तिसम्बन्धको अध्ययन आज पनि महत्त्वपूर्ण नै छ। यस प्रकारको अध्ययनले नेपाली समाज , साहित्य र संस्कृतिका बिचको सम्बन्धलाई प्रस्ट पार्दै समाज विकासको कुनै कालखण्डको यर्थाथतालाई पनि उजागर गर्ने हुँदा यस अध्ययनको महत्त्वले थप उचाइ प्राप्त गरेको छ। त्यस कारण यसै मान्यताका आधारमा यहाँ 'मेरी सानी भतिजी प्रतिमा' कथाको समाजमा देखिने लैङ्गिक शक्तिसम्बन्धको अध्ययन गरिएको छ। यस क्रममा विवेच्य कथामा प्राप्त भएका सबै तथ्यहरूलाई विश्लेषण गर्नका लागि लैङ्गिक शक्तिसम्बन्धको सिद्धान्तको सहयोग लिएको छ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य 'मेरी सानी भतिजी' कथाको समाजमा विद्यमान लैङ्गिक शक्तिसम्बन्धको पहिचान गरी निष्कर्षमा पुग्नु रहेकाले यो अध्ययन मूलतः यसै कार्यमा केन्द्रित रहेको छ। यस क्रममा 'मेरी सानी भतिजी प्रतिमा' कथामा प्रस्तुत पितृसत्ता, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद निष्कर्षसम्म पुग्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ। त्यसकारण यस अध्ययनमा पितृसत्त, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद अनि लैङ्गिक दमन, शोषण र उत्पीडनको विश्लेषण गरिएको छ। यसरी यिनै चारओटा क्षेत्रको विश्लेषण गरी यस कथाको समाजमा विद्यमान लैङ्गिक शक्तिसम्बन्धका बारेमा निष्कर्ष निकालिएको छ।

## अध्ययनको विधि र विश्लेषणको ढाँचा

प्रस्तुत लेख गुणात्मक ढाँचामा आधारित अनुसन्धान भएको हुनाले यो निगमनात्मक र विश्लेषणात्मक विधिमा आधारित छ। यस कार्यमा पुस्तकालयीय अध्ययन प्रक्रियाबाट सामग्री सङ्कलन गरी तिनको विश्लेषणका लागि निश्चित सैद्धान्तिक आधारको उपयोग गरिएको छ। लैङ्गिक शक्तिसम्बन्धको विश्लेष गर्दा पितृसत्ता, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद अनि लैङ्गिक दमन, शोषण र उत्पीडनलाई आधार बनाइको छ। उपर्युक्त आधारहरूमा केन्द्रित रही विश्लेषण गर्ने क्रममा सत्तासम्बन्ध, सामाजिक न्याय, ज्ञान, शक्ति र सत्य अनि सामन्तवादी विमर्शात्मक संरचनामा ध्यान दिई निष्कर्षको निर्माण गरिएको छ।

## कथा विश्लेषणको सैद्धान्तिक आधार

लैङ्गिक शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनको एउटा पक्ष हो। लैङ्गिकतासम्बन्धी सोच, व्यवहार र कार्यशैली पनि शक्तिसम्बन्धको महत्त्वपूर्ण आधार हो। यो लिङ्गका आधारमा हुने फरक व्यवहारको अध्ययनसँग सम्बन्धित रहेको हुनाले यसअन्तर्गत महिला अनि पुरुषको भूमिकाको अध्ययन गरिन्छ। लैङ्गिक शक्तिसम्बन्ध सामाजिक भिन्नतासँग सम्बन्धित रहेको हुनाले पारिवारिक तथा सामाजिक मनोविज्ञानसँग पनि यसको घनिष्ट सम्बन्ध रहेको हुन्छ। लैङ्गिकताले समाजमा सांस्कृतिक आवरण नै सिर्जना गरी जन्मजात रूपमा फरक लिङ्गको फरक परिचय स्थापित गर्छ र त्यसलाई सामाजिक मनोविज्ञानभित्र प्रवेश गराउँछ। समाजले निर्माण गरेको लैङ्गिकताले महिला र पुरुषको सामाजिक तथा सांस्कृतिक पहिचानको बोध गराउँछ। समाजले निर्माण गरेको महिला र पुरुषको भूमिका, अधिकार, स्रोत साधनमाथिको पहुँच, व्यवहार र मानसिकतालाई लैङ्गिकताको अवधारणाले निर्देशित गर्छ। समाजमा विद्यमान पितृसत्ता, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद अनि लैङ्गिक दमन, शोषण र उत्पीडनको अध्ययनबाट लैङ्गिक शक्तिसम्बन्धको निष्कर्षसम्म पुग्न सकिन्छ।

## पितृसत्ता र शक्तिसम्बन्ध

घरपरिवार र समाजको जीवनका सम्पूर्ण क्षेत्रमा पुरुषको मात्र एकाधिकार रहने र नारीलाई पुरुषकै सत्ताको विमर्शात्मक संरचनाभित्र डोऱ्याएर सबै क्षेत्रबाट बञ्चित गराउने सामन्तवादको प्रमुख सहयोगी व्यवस्थाका रूपमा पितृसत्तालाई परिभाषित गर्न सकिन्छ । यो परम्परागत अवधारणा भएको हुनाले यसले सामाजिक मान्यताकै रूपमा वैधता प्राप्त गरेको हुन्छ । "... महिलामाथिको शोषण र दमनको केन्द्र पितृसत्ता परम्परागत रूपमा स्वीकार्य पारिवारिक सामाजिक सत्तासम्बन्ध र पुरुष वर्चस्वको प्रक्रिया हो । महिलाको दमन र शोषणको माध्यमका रूपमा यसलाई संस्थागत गरिएको छ भने यसले सामाजिक मूल्य र मान्यता पनि प्राप्त गरेको छ" (भट्टराई, २०७७, पृ.१२९) । त्यसकारण पितृसत्तावादी विमर्शात्मक संरचनाभित्र सत्ताइतरको नारी पक्षलाई जस्तो बनाउँदा सहज हुन्छ त्यस्तै बनाउनका लागि उपयुक्त प्रकारको सांस्कृतिक वातावरणको निर्माण गरिन्छ । "साहित्यिक मञ्चमा उधृत नारी अधिकांशतः स्वअस्तित्वमा होइन पितृसत्तात्मक दृष्टिकोणका साँचामा निर्मित छ र तिनको स्वरूप सामन्ती मानसिकताद्वारा ध्वस्त भएको छ" (त्रिपाठी, २०६७, पृ.१९३) । यसरी नारीलाई सत्ताले चाहेको स्वरूपमा उतार्न धर्म, संस्कृति, शिक्षा आदि क्षेत्रबाट बलियो आधार निर्माण गरिएको हुन्छ । "धर्म, संस्कृति, शिक्षा, मनोरञ्जन तथा पारिवारिक र घरायसी कार्यहरूमा सक्रिय तथा निर्णयी भूमिका पद्ररुषकै रहने गर्दछ । यति मात्र होइन महिलाको यौनिकता, प्रजनन् शक्ति, गतिशीलता, श्रम, सम्पत्ति तथा उत्पादनमा पनि पूर्णतः पुरुषकै अधिकार र निर्णय हाबी हुन्छ" (खनाल, २०७५, पृ. ६) । यस प्रकारको पुरुषवादी सोच, संस्कृति र विधिविधानले नारीलाई बाल्यावस्थादेखि नै विस्तारै विस्तारै पितृसत्ताकै अनुयायी बनाउँदै लैजाने वा त्यसैमा विलय गराउँदै लैजाने हुनाले नारी नै पितृसत्ताको संरक्षक, पृष्ठपोषक वा पथप्रदर्शक बन्न पुग्छन् । "साहित्यमा पुरुषले चाहेको जस्तो महिलाको छवि उत्रन्छ अर्थात् पितृसत्तात्मक संस्कारले क्षतविक्षत भएको तथा कतै पनि आफ्नो नैसर्गिक स्वरूपको पहिचानको झल्कोसम्म पनि नबोकेका महिलाको कठपुतली छवि उत्रन्छ "(त्रिपाठी, २०६७, पृ.१९३) । यसरी पितृसत्ताको विमर्शात्मक संरचनाभित्र नारीको आफ्नो अधिकार, पहिचान तथा अस्तित्व समाप्त भएर जान्छ । समाज र साहित्य दुबैतिर पुरुषको लैङ्गिक छविलाई सर्वशक्तिमान, योग्य, दक्ष आदि बनाउने र नारीको लैङ्गिक छविलाई कमजोर, अबला, अयोग्य, भोग्या आदि बनाएर प्रस्तुत गर्ने कार्यका लागि पितृसत्ताले आवश्यक धरातलको निर्माण गरेको हुन्छ । यस कार्यका लागि नारीमाथिको विभेद, दमन, शोषण र उत्पीडनका लागि नारी नै हतियारका रूपमा प्रयोग हुने अवस्थाको सिर्जना हुन्छ । नेपाली समाजमा विद्यमान यस प्रकारको पितृसत्ताको विश्लेषणबाट 'मेरी सानी भतिजी प्रतिमा' कथामा अवस्थित लैङ्गिक शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

## लैङ्गिक सम्बन्धको निर्मिति शक्तिसम्बन्ध

प्रत्येक समाजको लैङ्गिक सम्बन्ध त्यस समाजले निर्धारण गरेको विमर्शात्मक संरचनाद्वारा निर्देशित हुन्छ। लैङ्गिक सम्बन्ध मित्रतापूर्ण र शत्रुतापूर्ण हुन्छ। मित्रतापूर्ण लैङ्गिक सम्बन्धले विकास, शान्ति, सामाजिक उत्थान आदि सकारात्मक पक्षको विकासमा सहयोग जुटाउँछ भने शत्रुतापूर्ण लैङ्गिक सम्बन्धले सामाजिक उत्थानमा बाधा सिर्जना गर्छ । यो विमर्शात्मक संरचनाद्वारा निर्देशित हुन्छ । विमर्शात्मक संरचनाले सधैं शक्तिको निर्माण गर्छ र सत्ताको सुरक्षाका लागि हतियारकै रूपमा उपलब्ध गराउँछ । शक्तिको अन्तरसंवादले प्रारम्भदेखि नै निरीक्षण, प्रशिक्षण, परिचयीकरण, सुझाव प्रदान गरिरहेको हुन्छ र यो निर्वैयक्तिक अनि विकेन्द्रित हुन्छ (फुको, सन् १९८०, पृ.१९८) । शक्तिले एकातिर समाजका विभिन्न साना साना इकाइहरूमा प्रवाहित भएर प्रत्येक कुराको विशेष निगरानी गरिरहेको हुन्छ भने अर्कातिर सत्ताको आधारशिला निर्माणका लागि उपयुक्त वातावरण्को तय गर्ने काम पनि गरेको हुन्छ । समाजमा यसै आधारमा लैङ्गिक सम्बन्धको निर्माण र विकास हुन्छ । फुकोका अनुसार कुनै पनि विमर्शात्मक संरचनामा निर्मित ज्ञानहरू ऐतिहासिक र सांस्कृतिक रूपले विशिष्ट हुन्छन् । त्यस्तो ज्ञान जुन विमर्शात्मक संरचनामा उत्पादित हुन्छ, जुन अनुशासन,

जुन नियमद्वारा नियन्त्रित हुन्छ, त्योभन्दा भिन्न संरचनामा अर्थपूर्ण बन्दैन । यस दृष्टिले प्रत्येक विमर्शात्मक संरचनामा ज्ञानको स्वरूप भिन्न भिन्न हुन्छ (उद्धृत शर्मा, २०७२, पृ.५४) । प्रत्येक समाजको भिन्न भिन्न स्वरूप हुने हुनाले विमर्शात्मक संरचना पनि भिन्न भिन्न हुन्छ । त्यसकारण नेपाली समाजको विमर्शात्मक संरचनाका आधारमा नेपाली समाजमा लैङ्गिक सम्बन्धको सामाजिक र मानसिक स्वरूपको निर्धारण तथा निर्माण र विकास भएको देखिन्छ । एउटा विशेष परिस्थितिमा निर्माण र प्रयोग गरेको शासन गर्ने विधिविधान सधैँका लागि नहुन सक्छ अथवा अधीनस्थता पनि समय, परिस्थिति, स्थान, सामाजिक बनोट, आर्थिक अवस्था, राजनीतिक प्रणाली, विचारधारा, जाति, वर्ग, लिङ्ग आदिमा भिन्न भिन्न प्रकारको हुन सक्छ । यसरी शक्तिसम्बन्धहरू समय र परिस्थितिअनुसार परिवर्तन हुँदै जान्छन् । नेपाली समाजमा विद्यमान यस प्रकारको लैङ्गिक सम्बन्धको विश्लेणबाट 'मेरी सानी भतिजी प्रतिमा' कथाको शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

## लैङ्गिक विभेद र शक्तिसम्बन्ध

समाजले निर्माण र विकास गरेको परम्परा र ज्ञानका आधारमा प्रत्येक समाजमा नारी र पुरुषका बिचको अन्तर वा उनीहरूको पारिवारिक तथा सामाजिक हैसियत फरक फरक हुन्छ । नेपाली समाज परम्परागत पितृसत्ताको विमर्शात्मक संरचनाद्वारा निर्देशित भएको हुनाले लैङ्गिक आधारमा गरिने फरक व्यवहारलाई वैधानिक वा सांस्कृतिक रूपमै स्वीकार गर्ने समाज हो । "कुनै पनि समाज र संस्कृतिले प्राकृतिक लिङ्गलाई आधार बनाएर स्त्री र पुरुषका लागि फरक फरक व्यवहारहरू इङ्गित गर्छ भने त्यसलाई लैङ्गिक विभेद भनिन्छ "(खनाल, २०७५, पृ.२८) । सामाजिक र प्राकृतिक दुई प्रकारको लैङ्गिक व्यवस्थामध्ये सामाजिक व्यवस्था विभेदकारी हुन्छ । यस प्रकारको विभेदले समाजमा पुरुषलाई जन्मबाटै उच्चस्थान प्रदान गर्छ भने नारीलाई अपमान तथा घृणाको शिकार बनाउँछ । "मान्छे पद्ररुष भएर जन्मनासाथ वन्दनीय ठानिने र महिला भएर जन्मनासाथ निन्दनीय ठानिने मानसिकताबाट लैङ्गिक विभेदको जन्म भइराखेको देखिन्छ" (त्रिपाठी, २०६७, पृ.१८९) । पुरुष र महिलाका बिचमा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक तथा आर्थिक व्यवहारमा गरिने भिन्नताले समाजमा लैङ्गिक विभेद जन्मेको देखिन्छ । पुरुष र महिलासँगका परम्परागत व्यवहारले नै यसको पुष्टि गरेका छन् । समाजमा पुरुषलाई सक्रिय, आक्रामक, विवेकी, स्वतन्त्र, ज्ञान र शक्तिको आधार र महिलालाई निष्क्रिय, सहनशील, अबला, परनिर्भर, ज्ञान र शक्तिबाट कमजोर आदि आधारहरू बनाएर लैङ्गिक विभेदका लागि उपयुक्त वातावरणको सिर्जना गरिन्छ । यसलाई सामाजिक, सांस्कृतिक मान्यता प्रदान गरी विधि वा पद्धत्तिका रूपमा स्थापित गरेर कार्यान्वयनमा ल्याइन्छ । "समाजमा महिलालाई भेदभाव गर्ने सामाजिक मूल्य र मान्यता नै निर्माण गरिएको हुन्छ र त्यसलाई वैधानिकता पनि प्रदान गरिएको हुन्छ" (भट्टराई, २०७७, पृ.१३५) । यसरी पितृसत्ताले आफूलाई आवश्यक अनि सुरक्षित ज्ञान र सत्यको निर्माण गरी समाजमा कार्यान्वयन गरेको हुन्छ । फुकोको अवधारणाअनुसार सत्ताले वैधता प्रदान गरेको ज्ञान नै सत्य हुन्छ र त्यो मात्र समाजमा स्थापित हुन्छ, अन्य प्रकारका ज्ञानका लागि कुनै स्थान हुँदैन । फुकोका दृष्टिमा सत्यको कुनै अर्थ छैन किनकि यो छँदै छैन, यो मात्र सत्तावादी विमर्श हो । उनी सत्यको अन्त्य भैसकेको ठान्छन् । यथार्थको पनि अर्थ देख्दैनन् (उद्धृत गिरी, २०५१, पृ.३०४) । नेपाली समाजमा विद्यमान यस प्रकारको लैङ्गिक विभेदको विश्लेणबाट 'मेरी सानी भतिजी प्रतिमा' कथाको शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

## लैङ्गिक दमन, शोषण, उत्पीडन र शक्तिसम्बन्ध

लैङ्गिक विभेदमा आधारित सामाजिक, सांस्कृतिक संरचनाभित्र स्थापित भएका मानकहरूको उपयोग गरी पुरुषले नारीका विरुद्ध नारीलाई नै उपयोग गरेर, आफ्ना घृणित कार्य तथा षड्यन्त्रको उपयोग गरेर,

नारीलाई कमजोर अवस्थामा पुऱ्याउँछ । लिङ्गकै आधारमा वा जन्मबाटै फरक शारीरिक रूपाकृति भएकै आधारमा गरिने अन्याय अत्याचार लैङ्गिक दमन हो । त्यसैलाई आधार बनाएर गरिने आर्थिक, सामाजिक, सांस्कृतिक, मानसिक आदि क्षेत्रमा फरक लिङ्गका व्यक्तिलाई निर्धो वा निमद्रखो बनाई गद्रण, काम, श्रम, आय, उत्पादन आदि खोस्ने काम लैङ्गिक शोषण हो (कोइराला,२०८१, पृ.१३६) । यसरी एउटा पक्षलाई अवसर र अधिकारका दृष्टिबाट वञ्चितीकरण गर्दा शक्तिसम्बन्धमा असमानता सिर्जना हुन्छ । "परम्परादेखि नै पितृसत्ता र त्यसको चिन्तन र व्यवहारबाट महिलाहरू चरम विभेदजन्य व्यवहार, शोषण, दमन र उत्पीडनमा पर्नुपरेको देखिन्छ" (पोखरेल, २०८०, पृ.२७५) । पितृसत्ताको पृष्ठपोषक विमर्शात्मक संरचनामा स्थापित परम्पराको टेको समातेर वैधता प्राप्त गरेको पुरुषवादी ज्ञान, सत्ता र शक्तिको प्रयोगबाट समाजमा नारीमाथिको दमन र शोषणको व्यवहारलाई निरन्तरता प्रदान गरिएको हुन्छ । नेपाली समाजमा विद्यमान यस प्रकारको लैङ्गिक दमन र शोषणको विश्लेषणबाट 'मेरी सानी भतिजी प्रतिमा' कथाको यथार्थवादी धाराका कथाहरूमा अवस्थित शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

## व्याख्या विश्लेषण

'मेरी सानी भतिजी प्रतिमा' कथामा तत्कालीन नेपाली समाजमा रहेको लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई पितृसत्ता, लैङ्गिक सम्बन्ध, लैङ्गिक विभेद अनि लैङ्गिक दमन, शोषण र उत्पीडनका आधारमा विश्लेषण गर्न सकिन्छ । तत्काली नेपाली समाजमा विद्यमान सामन्तवादी शासन व्यवस्था र त्यसका आधारमा निर्मित विमर्शात्मक संरचनाबाट प्राप्त पुरुषवादी ज्ञान र सत्ताका कारण दमन, शोषण र उत्पीडनमा परेकी अबोध बालिकाको पीडालाई यस कथाको प्रमुख विषय बनाइएको छ ।

### 'मेरी सानी भतिजी प्रतिमा' कथामा पितृसत्ताको प्रभाव

'मेरी सानी भतिजी प्रतिमा' कथामा परम्परात सामन्तवादी संस्कृतिको निरन्तरतामा पितृसत्ताको विभेदकारी तथा दमनकारी स्वरूप प्रकट भएको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बन्न पुगेको छ । यस कथामा परिवारको सम्पूर्ण अधिकार हातमा लिएकी आमा(भाउज्यू) नै पितृसत्ताको विमर्शात्मक संरचनाको विभेदकारी ज्ञानमा विलय भएकी छ । भाउज्यूको उक्त अवस्थालाई कथामा यसरी उल्लेख गरिएको छ :

> "भाउजू यो छाँटले त प्रतिमाको अवस्था ज्यादै खतरामा पर्छ ।" मैले एकान्तमा भाउजूलाई सम्झाउने कोशिश गरेँ । तर भाउजू यसतिरबाट ज्यादै उदासीन ।
>
> "के गरौँ त बाबु ! कतितिरको पीर खपौँ । भगवान्को भरोसामा सुम्पिदिया छ, जे होला । छोरी मरी ठूला घर परी भन्छन्, जे होला" । (पृ.२०)

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट छोरो जन्मिसकेपछि आमाले छोरीमाथि गरेको विभेदलाई दर्शाइएको छ । छोरीको ज्यादै कारुणिक अवस्थालाई दर्शाएर देवरले सजग गराउँदासमेत भाउज्यूले देखाएको उदासीनताको प्रेरक तत्त्व बनेर यस अवस्थामा पितृसत्ता उभिएको छ । त्यसकारण भाउज्यूले छोराको रेखदेखमा ध्यान दिए पनि छोरीलाई भगवानको भरोसामा सुम्पिदिएकी छ । पितृसत्ताकै विभेदकारी ज्ञान र चिन्तनमा डुबेकै कारण उसलाई छोरीको कारुणिक अवस्थामा मात्र होइन मृत्युमा समेत कुनै पीडाको बोध हुँदैन । पितृसत्ताको स्थापित ज्ञानमा विलय भएकै कारण भाउज्यू छोराको पनि दोष हुनसक्छ भन्ने कुरा सोच्नसमेत सक्दिन र छोरीलाई दोषको भारी बोकाइदिन्छे । यस सन्दर्भमा छोराको गल्ती भएका अवस्थामा

समेत छोरीलाई नै दोषी देखाउँदै उसले बोलेका संवादलाई कथामा यसरी उल्लेख गरिएको छ : "के भनेर दोष छैन । यो ख्यालकी छ, कप्टी !" उनी बौलाउन थालिन । "जे भए पनि त्यो भाइ आफूभन्दा सानो तर त्यसलाई त देखि सहन्न । एकान्त पऱ्यो भने त कुन दिन मारिदिन्छे । त्यो त छोरो पो त । यो घरमा त्यसको ..."( पृ.२१) । यहाँ वास्तवमा दोष छोराको थियो र त्यसको प्रमाण देवरले व्यक्त गरेको पनि थियो तर छोरीप्रतिको विभेदकारी चिन्तनले उक्त प्रमाणलाई स्वीकार्न सक्दैन र त्यसको शिकार छोरी बन्छे । भाउज्यूका विचारमा छोरो हुनु घरको सत्ताधिकारी हुनु हो । छोराको कमजोरी अकल्पनीय छ । यो पितृसत्ताले निर्माण, प्रसारण र स्थापित गरेको एकपक्षीय अनि विभेदकारी तथा अन्यायी ज्ञानको उपज हो । भाउज्यूमा देखिएको पितृसत्ताको प्रभाव उनको छोरो बालपात्र अशोकमा पनि उत्तिकै परेको छ । त्यसैले ऊ आफ्नी दिदीलाई अन्याय गर्न वा आफ्नो सर्वाधिकारी चरित्र प्रस्तुत गर्न कुनै संकोच मान्दैन । बालपात्र अशोकको उक्त चरित्रलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ : "प्रतिमा आफ्नो कोठामा आफ्नो पुतलीसँग तल्लीन भएर खेलिरहेकी थिई । म उसको छेउमा मुग्ध आँखाले उसको खेललाई हेरिरहेको थिएँ । अकास्मात कताबाट अशोक आँधी झैँ कोठभित्र पस्यो । बाजले परेवामाथि झम्टा दिए झैँ प्रतिमाको पुतलीमाथि झम्टा दियो र लुछेर भाग्न खोज्यो " (पृ.२०) । पारिवारिक वातावरणले त्यस घरका बच्चाहरूको चरित्रनिर्माणम महत्त्वपूर्ण भूमिक निर्वाह गरेको हुन्छ । अशोक आँधीझैँ आउनु, प्रतिमामाथि निशंकोच आक्रमण गर्नु र उसका खेलौना खोसेर भाग्न खोज्नु पनि पितृसत्ताकै सर्वाधिकारी चरित्रको उपज हो । पितृसत्ताको विभेदकारी एवं दमनकारी विमर्शात्मक संरचनाको शक्तिबाट सबैभन्दा धेरै यस कथाकी बालपात्र प्रतिमा आक्रान्त भएकी छ । ऊ भौतिक र मानसिक रूपमै पीडित छे । आफ्ना कुरा सुनिदिने अंकल पाउनासाथ उसले पोखेको वेदनालाई कथामा यसरी प्रस्तुत गरिएको छ : "...अनि के अंकल, यहाँ त अशोक हुन्छ । उसले मेरो लुगा पनि च्यातिदिन्छ; मेरो गालामा पनि चिथोरिदिन्छ ।...अनि मम्मीले पनि सधैँ पिटिरहन्छ ! ... मधेशमा पनि अशोक हद्रन्छ ? ...मम्मी हद्रन्छ अंकल ?...अनि मधेशमा पनि मम्मीले पिटिरहन्छ, अंकल ? ... गाली पनि गरिरहन्छ "(पृ.१९) ? यहाँ प्रतिमाले केवल छोरी भएकै कारण छोराले लुगा च्यातिदिएको, चिथोरेको अनि आमाले गाली गरेको र पिटेको सहन बाध्य हुनुपरेको पीडाजन्य अभिव्यक्ति प्रस्तुत भएको छ । यसले पितृसत्ताको अन्यायी र विभेदकारी चरित्रलाई उजागर गरेको छ । यस क्रममा प्रतिमा आफूलाई जन्म दिने आमाको न्यानो काख छोड्ने कठोर निर्णयलाई विवशतावश स्वीकार्ने अवस्थामा पुगेकी छ । यस क्रममा अंकल घर छोडेर मधेश जान लागेका अवस्थामा प्रतिमाभित्र दबेर रहेको पीडा यसरी अभिव्यक्त भएको छ : "अंकल मलाई यो असहाय अवस्थामा छोडेर जान लाग्यौ ? ...मलाई पनि लानोस् । मधेशमा त मेरो पुतली लुट्ने अशोक छैन । अनि छोराको पक्षमा छोरीलाई बोझ सम्झने ममी पनि छैन । अंकल म छोराको राजमा कसरी बसौँ ? मलाई पनि मधेस् लानोस्" (प.२२) । प्रतिमा घरमा बाबु, आमा र भाइ हुँदासमेत आफूलाई असहाय ठान्छे । भाइको आक्रमण र आमाको अन्याय अनि बाबुको उदासीनता उसका लागि असह्य बनेको छ। ऊ आत्मापराजित अवस्थामा पुगेर छोराको राजबाट बाहिरिन तत्पर भएकी छ । आमाले आफूलाई बोझका रूपमा लिएको कुरा उसलाई बाल्यकालमै भए पनि राम्ररी थाहा छ । प्रतिमा यी सबै प्रकारका पीडाहरू तत्कालीन समाजमा विद्यमान पितृसत्ताका उपज हुन् । यसरी यस कथामा पितृसत्ताका कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बन्दा आमामा विभेदकारी तथा अन्यायी स्वभावको विकास भएको छ भने छोरामा बाल्यावस्थामै अविवेकी दम्भले चरम उत्कर्ष छोएको छ अनि यी दुवैको पटक पटकको आक्रमणमा प्रतिमा भौतिक तथा मानसिक रूपमा पीडित र प्रभावित बनेकी छ ।

**'मेरी सानी भतिजी प्रतिमा' कथामा लैङ्गिक सम्बन्ध**

यस कथामा भाउज्यू र प्रतिमा आमाछोरी हुन् अनि अशोक र प्रतिमा दिदीभाइ हुन् । उनीहरूका बिचमा मानवीय सम्बन्ध मात्र होइन रगतकै नाता रहेको छ । त्यसकारण सामान्यतः उनीहरूका बिचमा हार्दिकतापूर्ण सम्बन्ध अपेक्षित भए पनि समाजमा स्थापित लैङ्गिक रूपमा विभेदपूर्ण विमर्शात्मक संरचनाका कारण त्यसो हुन सकेको छैन । उक्त विमर्शात्मक संरचनामा भएको शक्तिले भाउज्यूलाई पुरुषवादी चिन्तनको केन्द्रमा उभ्याएर सधैं नै प्रतिमाका विपक्षमा हुत्याएको छ । ऊ आफ्नी छोरीप्रति कतै पनि सकारात्मक छैन । प्रतिमा रोगी, चिन्तित र कमजोर देखिएका सम्बन्धमा देवरले उसको खबर बुझ्न खोज्दा भाउज्यूले दिएको जवाफलाई कथामा यसरी उल्लेख गरिएको छ :

> छैन, तर कुन्नि किन हो त्यसै मर्न आँटेकी झैँ देखिन्छे । आफू खान दिनको चार साँझ कोची कोची घिचेकै छ" भाउजूले बडो तीक्त स्वरमा भनिन् र एकदम झम्टे झैँ हप्काइन् - "अंकलले दिएको किन नलिएर खम्बा गाडे झैँ गाडिएकी ? के मेरो मुखमा छौंडाले हेरे झैँ घोचिएकी ? अरूसँग चाहिँ माग्नेले झैँ जे पायो उही मागेको छ । (पृ.१८)

भाउज्यूको यो बोलीमा प्रतिमाप्रतिको कुनै मातृत्वको भाव झल्कँदैन । उसले प्रयोग गरेका शब्द शब्दले आपसी शत्रुताको आभास गराउँछ । उसले प्रस्तुत गरेको क्रुरता र लगाएको आरोप सामान्यतया अनपेक्षित रहेको छ । त्यसकारण यस कथामा आमा र छोरीका बिचको सम्बन्ध शत्रुतापूर्ण बनेको स्पष्ट हुन्छ । यसलाई प्रतिमाले उसकी आमाका अगाडि प्रस्तुत गरेको त्राशपूर्ण व्यवहारले पनि पुष्टि गरेको छ । अंकलले उपहारका रूपमा उसैलाई ल्याइदिएका सामान दिन खोज्दासमेत आमाका अगाडि भएकै कारणले प्रतिमामा देखिएको डरलाई कथाकारले यसरी उल्लेख गरेका छन् :

> मैले उसका निम्ति ल्याइदिएका एक एक मालताल झिकेर उसतिर बढाएँ । तर त्यो हच्केकी केटीका आँखामा क्षणको निम्ति एउटा चमकको तीव्र लहर वारपार गर्नूबाहेक अरू कुनै गति देखिएन । ऊ झन निरीह र भयभीत देखिन्थी र उसका भयभीत आँखा आमातिर एकपटक हेरिरहेका थिए, मानौं कुनै सम्मोहित बच्चीले सम्मोहक व्यक्तिलाई हेरिरहेकी छ । (प.१८)

कथामा प्रस्तुत यस सन्दर्भले पनि प्रतिमा र आमाका बिचको सम्बन्धमा भएको शत्रुतालाई स्पष्ट पारेको छ । अंकलले दिएका खेलौना ऊ आमाकै डरले सहज रूपमा स्वीकार्न सक्दिन । उपहार देख्दा उसमा त्यो खेलाउने रहर जागेर पनि क्षणभरमै समाप्त हुन्छ । ऊ निरीह र भयभीत भएर आमाको आदेशको प्रतिक्षा गर्छे । यसै प्रकारको शत्रुतापूर्ण सम्बन्ध अशोक र प्रतिमाका बिचमा पनि रहेको देखिन्छ । उसले आफूलाई अशोकले दिएको दुःखका सम्बन्धमा अंकलसँग भनेकी छे : "...अनि के अंकल, यहाँ त अशोक हद्रन्छ । उसले मेरो लद्रगा पनि च्यातिदिन्छ; मेरो गालामा पनि चिथोरिदिन्छ " (पृ.१९) । यहाँ पनि अशोकले लद्रगा च्यातिदिएर अनि चिथोरेर प्रतिमासँगको सम्बन्धलाई शत्रद्रतापूर्ण बनाएको छ । यति मात्र होइन यस कथामा अशोकको जन्मपछि भाउज्यूले कहिल्यै पनि प्रतिमाप्रति आमाको व्यवहार दर्शाएकी छैन भने अशोकले पनि आमाका आडमा दिदीमाथि सधैँ आक्रमण गर्ने र अपमानपूर्ण शब्दको प्रयोग गर्ने गरेको छ । त्यसका पछाडि सामन्तवादी व्यवस्थाको रक्षाकवच बनेर उभिएको पितृसत्तावादी विमर्शात्मक संरचनाको शक्ति नै प्रमद्रख कारक बनेको छ । त्यसले गर्दा यस कथाको लैङ्गिक शक्तिसम्बन्ध असन्तद्रलित बन्न गई प्रतिमाको जीवन अधीनस्थ अवस्थामा पद्रगेको छ ।

## 'मेरी सानी भतिजी प्रतिमा' कथामा लैङ्गिक विभेद

'मेरी सानी भतिजी प्रतिमा' प्रारम्भदेखि अन्त्यसम्म नै लैङ्गिक विभेदलाई प्रमुख विषय बनाएको कथा हो । यस कथामा तत्कालीन समाजसापेक्षित रूपमा नारीलाई नै प्रयोग गरेर नारीमाथि नै लैङ्गिक विभेद भएको अवस्थालाई प्रस्तुत गरिएको छ । लेखकले कथाको प्रारम्भमा इन्जिनियरकी श्रीमतीले छोरा र छोरीका बिचमा गरेको लैङ्गिक विभेदलाई प्रस्तुत गरेर त्यसले सम्झाएको 'म' पात्रको परिवारमा भाउज्यूले प्रतिमाप्रति गरेको विभेदलाई सविस्तार उल्लेख गरेका छन् । 'म' पात्रले चार वर्ष विदेशमा पढेर घर फर्कनासाथ भाउज्यूको बदलिएको व्यवहार देखेर गरेको लैङ्गिक विभेदजन्य अनुभवलाई कथामा यसरी उल्लेख गरिएको छ :

> चार वर्षअगाडि म विदेश गएँ । त्यस बीचमा अशोक जन्म्यो; अनि के छोरो जन्मेपछि त्यो छोरी अनपेक्षित बोझ भै आमाबाबद्रका लागि ? उसको आत्माको सम्पूर्ण विश्वास संकद्रचित र संत्रसित भएर बाँधिएको जस्तो, किचिएको जस्तो किन ? के बाबद्रआमाबाट यस्तो संभव छ ? ...मेरो मन नानाथरिका तर्कना बोकेर उड्न थाल्यो । (पृ.१९)

कथामा प्रस्तुत यस सन्दर्भले उक्त परिवारमा रहेको छोरा र छोरीको फरक स्थानलाई स्पष्ट पारेको छ । चार वर्षअगाडिकी बालसुलभ चञ्चलता भएकी प्रतिमाको अनपेक्षित स्वभावलाई देखेर 'म' पात्रले आमाबाट भएको लैङ्गिक विभेदको अनुभव गरेको छ । उसले यस सम्बन्धमा नानाथरिका शंका र उपशंकाहरू पनि गरेको छ । उसको शंकालाई वास्तविकतामा परिणत गर्ने कार्यमा भाउज्यूको अर्को अभिव्यक्तिले सहज बनाएको छ :

> छ घरमै ! भाउज्यूले बडा उचाट्टिएको स्वरमा भनिन् । अनि भित्रतिर हेरेर हकारिन । प्रतिमा, ए प्रतिमा, अंकलले बोलाउनुभयो ।
>
> मेरोभित्र कता कता एउटा खल्लो भावनाको अनुभूति जन्म्यो । अशोकलाई बोलाउँदाको स्वरमा र प्रतिमालाई बोलाउँदाको उनको स्वरमा किन यस्तो अन्तर ? के प्रतिमाको अस्तित्व अब अशोकको अगाडि अब ज्यादै नगण्य भैसकेको छ ? मैले चेष्टा गरेर पनि टुङ्गोमा पुग्ने साहस गर्न सकिनँ । (पृ.१७)

कथामा प्रस्तुत गरिएको यस सन्दर्भका माध्यमबाट आमाले गरेको लङ्गिक विभेदलाई स्पष्ट पारिएको छ । आमाले छोरालाई बोलाउँदा त्यहाँ मातृत्वको स्पष्ट झल्को देखिन्छ भने छोरीलाई बोलाउँदा स्वर उचाटिएको र आवाज हकारिएको छ । यहाँ आमाको बोली नै छोरा र छोरीका लागि विभेदपूर्ण देखिएको छ । छोरो अशोकले छोरीको खेलौना खोस्न नपाएर रुँदासमेत भाउज्यूको आक्रमण छोरीमाथि नै वर्षिएको छ । "...अन्धो रीसले प्रतिमाको गालामा पटापट चडकन दिन थालिन । प्रतिमा असहाय भएर रुन थाली " (पृ.२१) । आफ्नो अन्यायपूर्ण यातनालाई सहन नसकेर रुन थालेकी प्रतिमाप्रति उसको कुनै सहानुभूति, ममता र खेद छैन बरु झन उग्रता प्रस्तुत भएको छ : "अझ रुन्छे अलच्छिनी । भाउज्यू झन् उग्र भएर अत्याचार गर्न थालिन् । मलाई यो उनको अविवेकी रीस सह्य भएन" (पृ.२१) । यसरी प्रस्तुत कथामा आमाले छोरीप्रति गरेको लैङ्गिक विभेद र अन्याय अरूका लागि समेत असह्य पीडाको विषय बनेको छ । कथाकारले गरेको यस प्रकारको लैङ्गिक विभेदको प्रस्तुति तत्कालीन समाजमा विद्यमान पुरुषवादी विमर्शात्मक संरचनाको सापेक्षित भएर आएको छ । यसले उक्त समाजमा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बन्दा नारी पात्र प्रतिमाको जीवन सीमान्तीकृत अवस्थामा पुगेको छ ।

## 'मेरी सानी भतिजी प्रतिमा' कथामा लैङ्गिक दमन, शोषण र उत्पीडन

'मेरी सानी भतिजी प्रतिमा' कथामा प्ररम्भदेखि अन्त्यसम्म नै लैङ्गिक दमन, शोषण र उत्पीडनका घटनाहरू श्रृङ्खलाकै रूपमा निरन्तर विन्यस्त छन् । यस कथामा पितृसत्ताको प्रयोग लैङ्गिक दमन, शोषण र उत्पीडनकै लागि भएको छ भने शत्रुतापूर्ण लैङ्गिक सम्बन्धले पनि लैङ्गिक दमन, शोषण र उत्पीडनलाई नै प्रमुख केन्द्र बनाएको छ । त्यसैगरी लैङ्गिक विभेदको शिकार पनि नारी पात्र नै भएकी छ । यस कथाको समाजमा नारी चेतनाको उदयसम्म हुन नसकेका कारण पुरुषवादी ज्ञान नै सत्ताको केन्द्रमा रहेको छ । त्यसले नारीमाथिको दमन, शोषण र उत्पीडनका लागि नारीलाई नै उपयोग गरेर सामाजिक सत्तामा मात्र होइन मानसिक सत्तामा समेत नारीको अस्तित्वलाई समाप्त पारेको छ । त्यसकारण यस कथामा एकातिर भाउज्यूको मानसिकतामा छोरीको कुनै स्थान छैन भने अर्कातिर प्रतिमाको मानसिकतामा उसको बालसुलभ चरित्र नै समाप्त भएर गएको छ । भाउज्यूका हरपलका गाली र कुटपिटका कारण सिर्जना भएको प्रतिमाको असामयिक स्वभावलाई कथामा यसरी उल्लेख गरिएको छ :

> उसका पाइला बडो हच्केका...। खोई त्यो मेरी चिरपरिचित प्रतिमा ? उसको कपाल पनि तीनचार दिनदेखि नकोरेको, खजमज, अनुहार मलिन, बालसुलभ उपद्रो, उत्सुकता, चञ्चलता र जिज्ञासाले बिलकुल शून्य । फुङ्ग उडेको पँहेलो अनुहारमा दुई तीन यस्ता रेखा जसले नजानिँदो प्रौढता अथवा गंभीरताको संकेत गर्थे । मेरो मुटु एकदमै चिसो भयो । (पृ.१७)

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट भाउज्यूबाट भएको दमन, शोषण र उत्पीडनका कारण प्रतिमाको बालसुलभ चरित्रमा परेको नकारात्मक प्रभावलाई देखाइएको छ । ऊ आमाका अगाडि ठिकसँग पाइला चाल्नसमेत सक्दिन भन्ने उसको अवस्थाको चित्रणले आमाबाट के कति दमन भएको थियो भन्ने स्पष्ट हुन्छ । प्रतिमाको बाल्यकालीन अवस्थामै देखापरेको नकोरेको कपाल, मलिन अनुहार, गंभीरता, प्रौढता आदिले ऊ कति मानसिक तनाव र दबाबमा छ भन्ने स्पष्ट हुन्छ । अशोकले प्रतिमाको खेलौना खोस्न प्रयास गर्दा असफल भएपछि ऊ चर्केर रोएको सहन नसकेपछि पनि भाउज्यूले प्रतिमाथि नै दमन र उत्पीडन वर्षाएकी छ । "...तर ऊ झन् झन् चर्केर रुन थाल्यो । यस रोदनले घरको कुना कुना हल्लायो । अनि तत्कालै भाउज्यू हुरिँदै भित्र पसिन र अन्धो रीसले प्रतिमाको गालामा पटापट चड्कन दिन थालिन । प्रतिमा असहाय भएर रुन थाली " (पृ.२१) । यहाँ भाउज्यूले छोराको रोदन सुन्न नसकेर एकातिर हुरिँदै भित्र पसेकी छ भने अर्कातिर छोरीको रिसमा अन्धो भएकी छ । यति मात्र होइन, यस कथामा प्रतिमालाई बोलाउँदा, उसको खबर भन्दा, उसले खाएको कुरा गर्दा, भाइसँग तुलना गर्दा, हेर्दा, नभएको दोष लगाउँदा, अनावश्यक बोझ सम्झँदा सर्वत्र दमन, शोषण र उत्पीडनको शिकार बनाइएको छ । यसरी यस कथामा प्रयुक्त पुरुषवादी सोच र सत्ताले उसकै सापेक्षतामा निर्मित र विकसित विमर्शात्मक संरचनामा भएको शक्तिलाई एकलौटी ढङ्गले एउटी कमजोर बालिकामाथि प्रयोग गर्दा लैङ्गिक शक्तिसम्बन्धमा असन्तुलन आई प्रतिमाको जीवन ज्यादै कष्टकर अवस्थामा पुगेको छ ।

## निष्कर्ष

कथाकार रमेश विकलद्वारा लेखिएको 'मेरी सानी भतिजी प्रतिमा' कथामा पितृसत्ताको प्रतिनिधित्व गर्ने भाउज्यूको प्रभुत्वशाली केन्द्रीय संस्कृति र अधीनस्थ नारी वर्गको प्रभुत्वहीन प्रतिमाले प्रतिनिधित्व गरेको परिधीय संस्कृतिका बिचमा भएको द्वन्द्वात्मक परिस्थितिलाई २०२० साल आसपासको नेपाली समाजको

सापेक्षतामा कथात्मकता प्रदान गरिएको छ । यस क्रममा अधीनस्थ समुदायकी छोरीलाई छोराको जन्मपछि स्वयं आमाले नै पितृसत्ताका सापेक्षतामा निर्मित विमर्शात्मक संरचनामा भएको शक्तिको प्रयोग गरी विस्तारै सीमान्तीकरण गर्दै उठ्नै नसक्ने अवस्थामा पुऱ्याएर छोडेको सन्दर्भ प्रस्तुत गरिएको छ । यस कथामा आमाद्वारा नै छोराको जन्मपछि छोरी प्रतिमालाई वेवास्ता गरेर, नभएको आरोप लगाएर, अनावश्यक गाली गरेर, कठोर तथा त्याज्य स्वरूपको भाषाको प्रयोग गरेर, भगवान भरोसामा छोडेर, मानसिक दबाब र तनाब सिर्जना गरेर, शारीरिक कुटपिट गरेर यस्तै विविध प्रकारले चरम दमन, शोषण र उत्पीडनमा पारिएको छ ।

यस कथाका सबै पात्र तथा घटनाक्रमलाई सामन्तवादको संरक्षक बनेको पितृसत्तावादी विमर्शात्मक संरचनामा स्थापित ज्ञानको शक्तिद्वारा निर्देशित गरिएको छ । नारीमाथिको दमन, शोषण र उत्पीडनका लागि नारीलाई नै उपयोग गरी उद्देश्यअनुकुल बनाएर विषवस्तुको कलात्मक विन्यास गरिएको छ । परिधीय संस्कृतिको प्रतिनिधित्व गर्ने बालपात्र प्रतिमा कथाको प्रारम्भमा उत्साही, चञ्चल, आकर्षक र बालसुलभ गुणले युक्त भएकी भए पनि पछि पछि विस्तारै विस्तारै उसलाई उसकै आमाद्वारा नै विभेद, दमन, शोषण र उत्पीडनको शिकार बनाएर अधीनस्थ अवस्थामै सीमित गराइएको छ । यस प्रकारको असन्तुलित अवस्थाको निर्माण र विकार गर्नका लागि २०२० साल आसपासको नेपाली समाजको समयसापेक्ष सांस्कृतिक वातावरणको उपयोग गरिएको छ। उक्त समयको समाजसापेक्षित प्रस्तुतिका लागि लैङ्गिक सम्बन्धमा शत्रुतापूर्ण अवस्थाको सिर्जना गरिएको छ भने उक्त शत्रुतालाई पुष्टि गर्ने एकपक्षीय, विभेदकारी तथा दमनकारी पितृसत्ताको सामाजिक, सांस्कृतिक वातावरणलाई कथाको आधारभूमि बनाइएको छ । सोही पितृसत्ताले निर्माण र विकास गरेको ज्ञान तथा संस्कृतिलाई समाजमा निर्विकल्प बनाएर नारीमाथि भएका सबै प्रकारका विभेद, दमन, शोषण र उत्पीडनलाई वैधता प्रदान गरिएको छ । यस प्रकारको विमर्शात्मक संरचनामा भएको शक्तिलाई केन्द्रीय संस्कृतिको पुरुषवादी सोच र सत्ताले एकपक्षीय रूपमा ज्यादै अमानवीय ढङ्गले नारीमाथि प्रहार गर्दा परिधीय संस्कृतिकी बालपात्र प्रतिमाको जीवन ज्यादै कष्टकर अवस्थाबाट गद्रज्रिँदै अधीनस्थ अवस्थामा सीमित हुन बाध्य भएको छ ।

## नेपाली तथा हिन्दी भाषाका सन्दर्भ सामग्रीसूची


अग्रवाल, नवीन नारायण (सन्. १९६७), राजनीतिक विज्ञान के मूल सिद्धान्त, दिल्ली : हिन्दी माध्यम मण्डल, दिल्ली विश्वविद्यालय ।

कोइराला, नरेन्द्रप्रसाद (२०८१), यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खनाल, राजेन्द्र (२०७५), लैङ्गिक समालोचना : सिद्धान्त र प्रयोग, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गौतम, कृष्ण (२०७१), उत्तरसिद्धान्त, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

चैतन्य (२०७०). 'समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन' भृकुटी, १९. पृ. १४३–१६५ ।

ढकाल, नारायण (२०७२).नारायण ढकालका कथा, काठमाडौँ : फिनिक्स बुक्स ।

तोमर, राम विहारी सिंह (सन्. १९७३), सामाजिक विघटन, अजमेर : दत्त बन्धु प्रा.लि ।

पाण्डेय, ताराकान्त (२०७३), मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र, काठमाडौँ : साझा प्रकाशन ।

पोखरेल, गुरूप्रसाद (२०८०), "सामाजिक यथार्थवादी नेपाली कथामा प्रतिनिधित्व ", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ ।

भट्टराई, रमेशप्रसाद (२०७७), सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भुसाल, वेदुराम (२०५९), दर्शनशास्त्र परिचय, काठमाडौँ : बुधबार साप्ताहिक ।

लेनिन (सन्. १९८५), सङ्कलित रचनाएँ भाग ५, मस्को : रादुगा प्रकाशन ।

वैद्य, मोहन, किरण (२०६७), मार्क्सवादी दर्शन, काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

शर्मा, बालकृष्ण (२०७२), "पारिजातका कथाको सांस्कृतिक अध्ययन, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध", त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ ।

श्रेष्ठ, तारालाल (२०६८), शक्ति, स्रष्टा सबाल्टर्न, काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

## अङ्ग्रेजी भाषाका सन्दर्भ सामग्रीसूची

Foucault, M. (1980). *Power/ Knowledge.* New York : Pantheon Books.

Gramsci, A. (2010). *Seliction from the Prison Notebooks*. New Delhi : Orient Blackswamn Private Limited.

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय डिनको कार्यालय, कीर्तिपुरले सञ्चालन गरेको २०७४ माघे सत्रमा दर्ता भएको मेरो विद्यावारिधि (पिएच.डीं) तहको नेपाली विषयअर्न्तगत यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध शीर्षकको अनुसन्धानका लागि विश्वविद्यालय अनुदान आयोगद्वारा मलाई विद्वत् वृत्ति प्रदान गरी अध्ययन अनुसन्धानमा आर्थिक सहयोग प्रदान गरेकोमा सोहीअनुरूप अनुसन्धानकार्यको अन्तिम मौखिक परीक्षा तथा शोधकार्यसमेत सम्पन्न गरी शोधप्रबन्धसमेत पेस गरिसकिएको छ । प्रस्तुत लेख मेरो विद्यावारिधि तहको शोधप्रबन्धसँग सम्बन्धित रहेको छ । विद्यावारिधि तहको अनुसन्धान कार्यमा विद्वत्वृत्ति प्रदान गरी विश्वविद्यालय अनुदान आयोगले मेरो बौद्धिक उन्नयनमा पुऱ्याएको सहयोगका लागि म विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।